नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(......................... झापा)
स्थानीय प्रशासन

☎ ०२३- ४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५१८८

पत्र संख्या :- ०७८/७९
चलानी नं. :-

मिति :- २०७९/०१/२१

## स्थानीय तह निर्वाचन सम्बन्धी सूचना ।

यही बैशाख ३० गते शुक्रबारका दिन हुने स्थानीय तह निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्ने सन्दर्भमा राज्यका सबै अंगहरू, राजनीतिक दल, उम्मेदवार, मतदाता एवं नागरिक समाजको महत्वपूर्ण भूमिका रहेको छ ।

उक्त निर्वाचनका सन्दर्भमा सामाजिक मर्यादा तथा निर्वाचन आचार संहिता विपरित श्रव्यदृश्य (टेलिभिजन), श्रव्य (एफ.एम/रेडियो, छापा (पत्रपत्रिका), अनलाइन मिडिया लगायत सामाजिक सञ्जालमार्फत राजनीतिक दल, उम्मेदवार, मतदाता, निर्वाचनको काममा खटिएका कर्मचारी, सुरक्षाकर्मी लगायत कोही कसैप्रति लक्षित गरी गाली गलौज तथा भ्रामक सूचना र निर्वाचन विरोधी सन्देश प्रवाह नगर्न नगराउनु हुन साथै सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुने र कुनै पनि उम्मेदवारले आफ्नो कार्यालय बाहेकका स्थानमा झण्डा, दल वा उम्मेदवारको चुनाव चिह्न, कुनै किसिमका डिजिटल बोर्ड, फ्लेक्स र ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन श्रव्य दृश्य सामग्रीहरू प्रदर्शन नगर्न नगराउनु हुन जानकारी गराईन्छ ।

यदि कोही कसैबाट प्रचलित कानून एवं निर्वाचन आचार संहिता विपरित गतिविधि भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारवाही हुने व्यहोरा समेत जानकारी गराइएको छ ।

२०७९-१-२१

(छविलाल रिजाल)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी